
# बिदेशी निवासी सहितको समावेशी समाजको निर्माण तर्फ़को रोडम्याप (सारांश)

बिदेशी निवासी सहितको समावेशी समाजको निर्माणतर्फ लक्षित हुनुपर्ने समावेशी समाजको अवधारणा (३ वटा अवधारणा) प्रस्तुत गरी अवधारणा लागु गर्नको लागि गर्नै पर्ने मध्य/दिर्घकालिन चुनौतिको रुपमा ४ वटा प्रमुख बुंदाहरु तय गरी हरेकको बारेमा आगामी ५ बर्षको अवधीमा गर्नैपर्ने उपायहरू प्रस्तुत गर्ने रोडम्याप तयार गर्ने


## १. आधारभूत धारणा

### बिदेशी नागरिकको बसोबासको स्थिति

◎ विदेशी बासिन्दाहरूको संख्यामा वृद्धि




◎ राष्ट्रियता र उत्पत्तिको क्षेत्रको विविधता




### सहजीवनका उपायहरुको परिवर्तन

- ■ ("बासिन्दाको रूपमा विदेशी" सम्बन्धि समग्र उपायहरु) (सन् २००६ डिसेम्बर २५)
- ■ (आर्थिक वित्तीय व्यवस्थापन र सुधारको आधारभूत अवधारणा २०१८ (मुख्य अवधारणा)) (२०१८ जुन १५)
- ■ (विदेशी कामदार भित्र्याउने/सहजीवन सम्बन्धि मन्त्रिपरिषद) स्थापना (२०१८ जुलाई २४)
- ■ (विदेशी कामदार भित्र्याउने/सहजीवनको लागि समग्र उपायहरु) (२०१८ डिसेम्बर २५, पछि ३ पटक संशोधन)

समग्र उपायको संशोधन आदि मार्फ़त सुधार गर्न सकिएको भएपनि अल्पकालिन चुनौति समाधानमा अड्किएको छ

**लक्षित गर्नुपर्ने विदेशी वासिन्दाको समावेशी समाजको अवधारणा लागु गर्न मध्य तथा दिर्घकालिन चुनौति तथा बिस्तृत उपाय सहितको रोडम्यापको निर्माण**

## २ लक्षित हुनु पर्ने विदेशी वासिन्दा सहितको समावेशी समाजको अवधारणा (३ वटा अवधारणा)

### शान्त र सुरक्षित समाज

आगामी दिनमा जापानी समाज संगै निर्माण गर्ने एक सदस्यको रुपमा विदेशी वासिन्दा पनि समावेश गरी सबै मानिसहरु शान्त र सुरक्षित रुपमा बस्न सक्ने समाज

### विविधतामा धनी जीवन्त समाज

बिभिन्न पृष्ठभूमी भएमा विदेशी वासिन्दा सहित सबै मानिसहरु समाजमा सहभागी भई क्षमताको अधिकतम उपयोग गर्न सक्ने विविधतामा धनी जीवन्त समाज

### व्यक्तिगत मर्यादा र मानव अधिकार सम्मानित समाज

विदेशी वासिन्दा सहित सबै मानिसहरुले एक आपसमा व्यक्तिगत मर्यादा र मानव अधिकारको सम्मान गरी बिना भेदभाव र पूर्वाग्रहका साथ बस्न सक्ने समाज

## ३ समाधान गर्नैपर्ने मध्य तथा दिर्घकालिन समस्याहरु (४ वटा महत्वपूर्ण बिषयहरु)

१ सहज रुपमा संचार गर्नसक्ने र सामाजिक सहभागिताको लागि जापानी भाषा शिक्षा आदिको व्यवस्था

२ विदेशी वासिन्दाको लागि सुचना संप्रेषण/विदेशी वासिन्दाको लागि परामर्श प्रणालीको सवलीकरण

३ जीवनको चरण र जीवन चक्र अनुसारको सहयोग

४ समावेशी समाजको आधारशिला सुधार गर्ने प्रयास

# ४ महत्वपूर्ण बिषय सम्बन्धि मुख्य प्रयासहरु

## ☆१ सहज रुपमा संचार गर्नसक्ने र सामाजिक सहभागिताको लागि जापानी भाषा शिक्षा आदिको व्यवस्था

- ○ प्रिफ़ेक्चर आदिले संचालन गर्ने जापानी भाषा शिक्षा सुदृढ गर्नको लागि समग्र प्रणालीको निर्माण स्थीर रुपमा विकास गर्नुको साथै नगर/गाउंले प्रोफ़ेक्चरसंग सहकार्य गरी संचालन गर्ने जापानी भाषा सहितको सहयोग [साहित्य] 《१》
- ○ "जापानी भाषा शिक्षाको सन्दर्भ फ्रेम" मा देखाईएको शैक्षिक विवरण तथा स्तर आदिको लागि क्षेत्र अनुसारको शैक्षिक मोडेलको विकास [साहित्य] 《३》
- ○ जीवन अभिमुखीकरण (जापानमा जीवन यापन गर्नको लागि आधारभूत सुचना प्रदान, प्राथमिक स्तरको जापानी भाषा सिकाई) भिडियोको निर्माण/प्रयोग आदि मार्फ़त सामजिक प्रणाली आदिको ज्ञान प्राप्त गर्न सक्ने वातावरण (जापान आउनु अघि सहित) निर्माण [कानुन] 《६》
- ○ जीवनयापनको लागि मिल्ने जापानी भाषा सिक्न सकिने प्रबिधियुक्त शैक्षिक सामाग्रीको विकास/बितरण आदि [साहित्य] 《८》
- ○ जापान आउनु अघि सहज संचार शक्ति प्राप्त गर्नको लागि विदेशमै जापानी भाषा शिक्षाको वातावरणको विकास [परराष्ट्र] 《९》
- ○ जापानी भाषा शैक्षिक संस्थाको प्रमाणिकरण प्रणाली तथा जापानी भाषा शिक्षकको लाइसेन्स प्रणालीको व्यवस्था [साहित्य] 《११》

## ☆२ विदेशी वासिन्दाको लागि सुचना संप्रेषण/विदेशी वासिन्दाको लागि परामर्श प्रणालीको सुदृढिकरण

- ○ "जीवनयापन/रोजगार गाइडबुक" तथा "विदेशी वासिन्दाको जीवनयापन सहयोग पोर्टल साइट" को प्रकाशन अवधारणा तयार गरी सार्वजनिक [कानुन] 《१७》
- ○ माइनापोर्टल आदिको उपयोग गरी सुचना प्रवाह [कानुन] 《१८》
- ○ विदेशी भित्र्याउने वातावरण सम्बन्धि अनुदानको सुधार आदि मार्फ़त केन्द्रीय परामर्श डेस्कको स्थापना पदोन्नति [कानुन] 《२०》
- ○ बहुभाषिक भाषा अनुवाद प्रबिधीको बारेमा व्यावहारिक स्तरको "लाइभ भाषा अनुवाद" को लागु र महत्वपूर्ण १५ भाषामा बिस्तार गर्ने प्रयास [सामान्य प्रशासन] 《२३》
- ○ विदेशीलाई सहयोग गर्ने स्थानीय संघसंस्थाहरुको संयुक्त परामर्श कार्यक्रमको आयोजना आदि [कानुन] 《२७》
- ○ सजीलो जापानी भाषाको प्रचारको लागि तालीमको आय्प्जना आदि [कानुन] [साहित्य] 《३१》 《३२》

## ☆३ जीवनको चरण र जीवन चक्र अनुसारको सहयोग

- ○ बच्चा हुर्काइरहेका आमाहरुको आदानप्रदान तथा बच्चा हुर्काउने चिन्ता/अन्यौलको बारेमा परामर्श गर्न सकिने स्थान उपलब्ध आदि गर्ने स्थानीय बच्चा हुर्काउने सहयोग कार्यक्रम लागु [समाज कल्याण] 《३३》
- ○ आधारभूत निवासी दर्ता प्रणाली र स्कूल उमेर पुस्तक प्रणालीको समन्वय मार्फ़त विदेशी वासिन्दाको बच्चाको स्कुल भर्ना अवस्थाको एकद्वार व्यवस्थापन/अनुमानको प्रवर्धन [साहित्य] 《३६》
- ○ सार्वजनिक माद्यामिक बिद्यालय भर्ना छनौटमा विदेशी बिद्यार्थी लक्षित बिशेष कोटाको व्यवस्था तथा प्रवेश परीक्षाको सहजतामा विचार गर्ने प्रयासको प्रवर्धन [साहित्य] 《४७》
- ○ माद्यामिक बिद्यालयमा जापानी भाषाको व्यक्तिगत प्रशिक्षणलाई पाठ्यक्रमको रुपमा लागु गर्ने प्रणाली लागु [साहित्य] 《४९》
- ○ हेल्लोवर्कको विदेशी रोजगार सेवा शाखामा व्यावसायिक सल्लाहकार तथा भाषा अनुवादकको व्यवस्था गरी व्यावसायिक परामर्शको कार्यान्वयन, विदेशी रोजगार सेवा केन्द्र आदिमा विदेशी बिद्यार्थी लक्षित सहयोग [समाज कल्याण] 《५७》
- ○ दिर्घकालिन विदेशी वासिन्दा लाक्षित जापानी भाषा क्षमतामा बिचार गरी व्यवसायिक तालीम लागु [समाज कल्याण] 《६१》
- ○ पेन्सन प्रणाली सम्बन्धी जानकारी/प्रचार प्रसारको निरन्तरता/पूर्णता [समाज कल्याण] 《६३》
- ○ "विदेशी वासिन्दा लक्षित आधारभूत सर्वेक्षण" आदि मार्फ़त वास्तविक अवस्था बुझ्ने आदि [कानुन] 《६६》

## ☆४ समावेशी समाजको आधारशिला सुधार गर्ने प्रयास

- ○ "विदेशी वासिन्दासंगको सहजीवन सम्बन्धी सचेतना महिना (अस्थायी नाम)" को स्थापना, विविध सचेतना कार्यक्रम आदिको आयोजना [कानुन] 《६७》 《६८》
- ○ विद्यालयमा फ़रक सांस्कृतिक बुझाई/वहु-सांस्कृतिक सहजीवनको अवधारणामा आधारित शिक्षाको थप प्रचार तथा पूर्णताको प्रवर्धन [साहित्य] 《७१》
- ○ विदेशी वासिन्दाको तथ्यांक आदिको उपयोग गरी राष्ट्रियता, भिसा, पेशागत आदि विदेशी वासिन्दाको जीवनयापनको अवस्थाको वास्तविक अवस्थाको आंकलन गर्न सकिने नयां तथ्यांक तालिका बनाई सार्वजनिक [कानुन] 《७४》
- ○ विदेशी कामदारको रोजगार शर्त आदिको रोजगार व्यवस्थापन, देश भित्र र बाहिरको कामदार स्थानान्तरण आदिको वास्तविक अवस्थाको आंकलनको लागि तथ्यांक तयार [समाज कल्याण] 《७५》
- ○ निजी सहयोगी संस्थाले गर्ने विदेशी वासिन्दा लक्षित आउटरिच सहयोगको प्रयासमा सहयोग गर्नको लागि परीक्षण परियोजना कार्यान्वयन [कानुन] 《८०》
- ○ अध्यागमन व्यवस्थापन बिभागमा निवास व्यवस्थापनको लागि आवश्यक जानकारी केन्द्रीकृत रुपमा आंकलन गर्न सकिने प्रयास बनाउनको लागि परिक्षण [कानुन] 《८२》
- ○ माईनम्बर कार्ड र आवासिय कार्डको एकिकरण मार्फ़त सुविधामा सुधार [कानुन] 《८५》
- ○ विदेशी सहयोग मानव संशाधनको पालनपोषण र उच्च विशेषज्ञता सहयोगी मानव संशाधनको प्रमाणिकरण प्रणाली आदिको बारेमा परिक्षण [कानुन] 《८६》

# ५ प्रवर्धन प्रणाली

- ○ योजना अवधी सन् २०२६ सम्म
- ○ विज्ञको धारणा सुन्दै हरेक बर्षको परिक्षण मार्फ़त प्रगति पुष्टि, आवश्यकता अनुसार उपायहरूको समीक्षा
- ○ समग्र प्रतिरोधी उपायहरूको बारेमा उक्त आर्थिक बर्षमा लागु गर्नै पर्ने उपायहरू स्पष्ट गर्ने